उच्च सरकारी वकिल कार्यालय
धनकुटा

आज मिति २०८० साल असार १२ गते मंगलबारको दिन विहानको ८:०० बजेको समयमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १९४ बमोजिम गठित केन्द्रीय समन्वय समितिबाट मिति २०७५/०५/०६ गते निर्णय भए बमोजिम गठन भएको उच्च समन्वय समिति, धनकुटाको बैठक समितिका संयोजक सहन्यायाधिवक्ता श्री मीना गुरुङज्युको अध्यक्षतामा देहाय बमोजिमका सदस्यहरुको उपस्थितीमा बसी निम्न विषयहरुमा छलफल गरी निर्णय समेत गरियो।

**उपस्थिति:**

१. श्री मीना गुरुङ (सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, धनकुटा) - संयोजक
२. श्री थानेश्वर गौतम (प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनकुटा) - सदस्य
३. श्री मनोज कुमार यादव (प्रहरी वरिष्ठ उपरीक्षक, नेपाल प्रहरी प्रदेश कार्यालय, धरान) -सदस्य
४. श्री सन्दिप टेलर ( सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, धनकुटा) -सदस्य सचिव

**आमन्त्रित सदस्य:**

१. श्री रुद्रमणि गिरी, रजिष्ट्रार, उच्च अदालत विराटनगर धनकुटा इजलास

**सहयोगी कर्मचारीहरु:**

१. श्री निलुसा अधिकारी, ना. सु. उच्च सरकारी वकील कार्यालय, धनकुटा
२. श्री रमेश राई, ना. सु. उच्च सरकारी वकील कार्यालय, धनकुटा
३. श्री अनिशा शर्मा, लेखापाल, उच्च सरकारी वकील कार्यालय, धनकुटा
४. श्री सुवास कट्टेल, का.स. उच्च सरकारी वकील कार्यालय, धनकुटा
५. श्री सविन पहरी, का.स. उच्च सरकारी वकील कार्यालय, धनकुटा

**प्रस्तावहरु:**

१. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० को वारेमा छलफल।
२. सजायमा छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० को वारेमा छलफल।
३. महान्यायाधिवक्ताको कार्यालयको च.नं.१६७३ मिति २०८०/०२/०२ गतेको निर्देशनहरुको बारेमा छलफल।
४. नेपाल राजपत्रमा प्रकाशित खण्ड ७३ काठमाडौं, असार ११ गते, २०८० साल संख्या १४ मा उल्लेखित सूचनाहरुको बारेमा छलफल।
५. श्री महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त बलात्कार सम्वन्धी कसुरको वारेमा विभिन्न भाषामा तयार पारिएको श्रव्य प्रचार सामग्री प्रसारण सम्वन्धमा।
६. एकीकृत कानूनी सहायता नीति, २०७६ को विषयमा छलफल सम्वन्धमा।
७. अनुसन्धान र अभियोजनको प्रभावकारिताको सम्वन्धमा।
८. मुद्दाको मिलापत्र, म्याद थप, वकपत्र, प्रमाण संकलनका विद्यमान कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन समेतका सम्वन्धमा।
९. विविध

निर्णयहरुः

१. प्रस्ताव नं. १ का सम्वन्धमा छलफल गर्दा, मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० ले गरेको व्यवस्थाहरुको बारेमा छलफल गरी सो अध्यादेशमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने ।

२. प्रस्ताव नं. २ का सम्वन्धमा छलफल गर्दा, सजायमा छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० ले व्यवस्थाहरुको बारेमा छलफल गरी सो निर्देशिका भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने ।

३. प्रस्ताव नं. ३ का सम्वन्धमा छलफल गर्दा, सम्मानित महान्यायाधिवक्ताको कार्यालयको च.नं.१६७३ मिति २०८०/०२/०२ गतेको निर्देशनहरुको बारेमा छलफल गरी सो निर्देशनमा उल्लेख भएका बुँदाहरुको तत् तत् निकायहरुले प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने ।

४. प्रस्ताव नं. ४ का सम्वन्धमा छलफल गर्दा, विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ६० को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको परिच्छेद-९ मा उल्लेख भए बमोजिमका कसूरहरुको शुरु कारवाही र किनारा गर्ने क्षेत्राधिकार तथा बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ को खण्ड (ग) बमोजिमको मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने क्षेत्राधिकार सम्वन्धमा छलफल गरी नेपाल राजपत्रमा प्रकाशित खण्ड ७३ काठमाडौं, असार ११ गते, २०८० साल संख्या १४ मा उल्लेखित सूचना बमोजिम गर्ने गराउने ।

५. प्रस्ताव नं. ५ का सम्वन्धमा छलफल गर्दा, सम्मानित महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त बलात्कारसम्बन्धी कसुरको बारेमा विभिन्न भाषामा तयार पारिएको श्रव्य प्रचार सामग्री प्रसारणको लागि स्थानीय तहसँग समन्वय गरी एफ. एम. मार्फत प्रचार प्रसारको लागि स्थानीय तहहरुमा अनुरोध गरी पठाउने ।

६. प्रस्ताव नं. ६ का सम्वन्धमा एकीकृत कानूनी सहायता नीति,२०७६ ले गरेको व्यवस्था बमोजिम कानूनी सहायता सम्वन्धी ऐन, २०५४ मा हुने संसोधन सम्वन्धमा आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हक संरक्षण गर्न असमर्थ पक्ष घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित महिला, बालवालिका तथा अपांङ्ग व्यक्ति, जेष्ठ नागरिक, द्वन्दपीडितलाई सहज कानूनी सहायता उपलव्ध गराउने ।

७. अनुसन्धान र अभियोजनको प्रभावकारिताका सम्वन्धमा मुख्य गरी लागू औषधमा तौल मुचुल्का, अपाङ्गको हकमा अपाङ्ग परिचय पत्र, क्षतिपूर्तिको हकमा सम्पत्तिको विवरण लिने, लागु औषध मुद्दामा लागु औषध परीक्षणको लागि अख्तियार प्राप्त प्रयोगशालामा मात्र पठाउने, अभियोजनको निर्णय गर्न अगावै परीक्षण प्रतिवेदन प्राप्त गर्ने, साक्षी उपस्थिति गराउने विषयलाई थप प्रभावकारी व्यवस्था मिलाउन जिल्ला समन्वय समितिलाई निर्देशन दिने ।

८.१ मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११७(२) को व्यवस्था बमोजिम सर्वसाधारणको ठगी सम्बन्धी मुद्दामा पीडित र प्रतिवादी दुवै पक्षले मुद्दाको अनुसन्धानको क्रममा आफूहरु मिलेको भनी मुद्दा मिलापत्रका लागि अनुसन्धान अधिकृत वा सरकारी वकील समक्ष दरखास्त गरेमा सो दरखास्तको व्यहोरा एकीन गरी मजवुन सम्झाई व्यहोरा सनाखत गरेको समेत अवस्थामा कानूनी व्यवस्थाको आधारमा जिल्ला सरकारी वकीलसँग समन्वय गरी मुद्दा नचलाउने गरी अनुसन्धान प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने ।

८.२ महान्यायाधिवक्ताको कार्यालयको च. नं. ४५, मिति २०७७/०६/२२ मा जारी “अभियोजन सुधार सम्वन्धी निर्देशन” लाई पूर्ण पालना गर्ने गराउने व्यवस्था गर्ने।

८.३ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक संलग्न रहेका मुद्दाको अनुसन्धान तहकिकात गर्दा सम्वद्ध सवै पक्ष थप संवेदनशिल भई कर्तव्य पालन गर्ने गराउने।

८.४ मानव अधिकारको संरक्षण र सम्वर्धन गर्दै विधिको शासन कायम राख्ने सम्वन्धमा आगामी दिनमा सम्वद्ध निकायहरु वीच थप समन्वयात्मक र सहयोगात्मक समवन्धको विकास र विस्तार गर्दै लैजाने।

८.५ शंकित आरोपित नावालक भएको खण्डमा प्रचलित ऐन कानून र सो का निर्दिष्ठ बाल न्याय कार्यसम्पादन नियमावली तथा कार्याविधिलाई निशर्त कार्यान्वयन गर्ने गराउने।

९. कतिपय मुद्दाहरुमा प्रतिवादीहरुको अभियोगपत्रमा उल्लेखित वतनमा म्याद तामेल हुन नसकि मुद्दाको सुनुवाईमा असर पर्ने गरेको देखिएको र निजहरुको उक्त उल्लेखित वतन नरहेको भन्ने देखिन आएको हुँदा प्रतिवादीहरुको स्थायी वतन, ठेगाना, तिनपुस्ते विवरण सहितको आधिकारिक कागज अनुसन्धानकै क्रममा प्राप्त गरी अभियोजन हुनुपर्ने।